दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

**सशोधन** **मिति २०७९।११।१३**

## "घ" वर्गको निर्माण इजाजत पत्र कार्यविधि
## पहिलो संशोधन

**प्रस्तावना :** स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनीयता, भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी दमक नगरपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"घ" वर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

क)"**ऐन**" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "**कार्यविधि**" भन्नाले दमक नगरपालिकाको "घ" वर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५" लाई सम्झनु पर्छ ।

ग)**"कार्यपालिका"** भन्नाले दमक नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

घ)**"प्रमूख प्रशासकीय अधिकृत"** भन्नाले दमक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## इजाजतपत्र सम्वन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने** : प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**४.नयाँ इजाजत पत्र सम्वन्धी व्यवस्था** : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले **अनुसूची-१** बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि यस कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले **अनुसूची-२** वमोजिमको  योग्यता भए/नभएको सम्वन्धमा ७ दिन भित्र तपशिल बमोजिमको समितिबाट जाचबुझ गराउनु पर्नेछ ।

क) खरीद एकाई प्रमुख १ जना - संयोजक

ख) पूर्वाधार विकास शाखा प्रमुख वा निजले तोकेको ईन्जिनियर १जना -सदस्य

ग) योजना शाखाको सव ईन्जिनियर/अ.स.ई. १ जना - सदस्य

(३) समितिको सिफारिस प्राप्त भएपछि प्रमूख प्रशासकीय अधिकृतले कार्यपालिकाको वैठकमा पेस गर्नुपर्नेछ ।

(४) कार्यपालिकाबाट निर्णय भए पश्चात प्रमूख प्रशासकीय अधिकृतले आर्थिक ऐनमा तोके बमोजिमको दस्तुर लिई निजलाई **अनुसूची-३** बमोजिमको ढाँचामा निर्माण इजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम ईजाजत पत्र उपलब्ध गराए पछि सम्बन्धित शाखाले सो को विवरण **अनुसूची ४** बमोजिमको ढाँचामा खडा गरी राख्नु पर्नेछ ।

## परिच्छेद-३

## इजाजत पत्रको हेरफेर, थपघट तथा नवीकरण

**५. विवरण हेरफेर गर्न सकिने :** (१) निर्माण व्यवसायीले व्यवसाय सञ्चालन गर्दा इजाजत पत्रमा केही हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयमा आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा निवेदन परेको १५ (पन्ध्र) दिन भित्र विवरण फेरफेर भएको कारण समेत खुलाई संशोधन गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम संशोधन गरिएको विवरण राजश्व प्रशासन शाखाले ईजाजत पत्रमा उल्लेख गरी उल्लेख गराउनु पर्नेछ ।

**६. साझेदारी थपघट र ठाउँसरी सम्बन्धी प्रक्रिया** : (१) एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिको नाममा निर्माण इजाजत लिएका व्यवसायमा साझेदार थपघट गर्नु परेमा सम्बन्धित निकायबाट साझेदार थपघट गरेको प्रमाण सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित शाखाले आवश्यक जाचबुझ गरी इजाजत पत्रमा विवरण अध्यावधिक गरिदिन सक्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र एक स्थानबाट अर्को स्थानमा ठाउसारीको लागि निवेदन परेमा सम्बन्धित शाखाले आवश्यक जाचबुझ गरी कार्यालयको लागतमा विवरण अध्यावधिक गरी ठाउसारी जाने स्थानीय तहलाई लेखी पठाउनु पर्नेछ ।

**७. इजाजत पत्रको अवधि र नवीकरण** : (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ८ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित नगरपालिकावाट तोकिएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

(३) इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा **अनुसूची-५** वमोजिमको विवरण भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेका कार्यहरुको अद्यावधिक विवरण समेत पेस गर्नु पर्नेछ ।

*(४) उपदफा (२) बमोजिम म्याद नाघेको छ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले निम्न बमोजिमको थप दस्तुर तिरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नुपर्नेछ।

क) उपदफा २ बमोजिम म्यद नाघेको ६ महिना भित्र नविकरण शुल्कको ५० %

ख) खण्ड (क) बमोजिम म्याद नाघेको ३ महिना भित्र नविकरण शुल्कको ७० %

ग) खण्ड (ख) बमोजिम म्याद नाघेको आगामी आ.व. भित्र नविकरण शुल्कको १०० %

घ) खण्ड (ग) बमोजिम म्याद नाघेको आगामी आ.व. भित्र नविकरण शुल्कको ३०० %

ङ) खण्ड घ बमोजिम म्याद नाघेको जतिसुकै आ.व. भित्र नविकरण शुल्कको ३०० %

(५) उपदफा (२), (३) र (४) बमोजिमका सम्पूर्ण प्रक्रिया पूरा भएमा प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गरिदिनु पर्नेछ ।

## परिच्छेद-४

## इजाजत पत्रको खारेजी

८. **इजाजत पत्रको खारेजी** : (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

---

* परिच्छेद-३ दफा ७ को उपदफा (४) संसोधन गरिएको ।

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले संघीय सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरेको सम्वन्धित निकायवाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखी आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

✂(३)............xx

(४)उपदफा (१) र (३) बमोजिम इजाजत पत्र खारेज भएमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनीलाई र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनुपर्नेछ ।

९. **इजाजत पत्रको प्रतिलिपी दिने व्यवस्था** : कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा तोकिएको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ ।

१०.**प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. **बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ ।

---

✂ परिच्छेद-४ दफा ७ को उपदफा (३) खारेज गरिएको ।

## अनुसूची-१

## कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

## इजाजत पत्रका लागि दिइने दरखास्त

**विषय : इजाजत पत्र पाउ भन्ने बारे ।**

श्री दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक झापा

यस दमक नगरपालिकाको कार्यविधि "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको**

नाम :

ठेगाना :

सम्पर्क नम्वर : ईमेल :

**२. फर्म वा कम्पनीको प्रकृति**

प्राईभेट लिमिटेड कम्पनी : पब्लिक लिमिटेड कम्पनी:

एकलोटी व्यवसाय : साझेदारी व्यवसाय:

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :**

नाम :

ठेगाना :

सम्पर्क नम्बर:                                        ईमेल :

**४. फर्म वा कम्पनीको विवरण**

दर्ता नं :                                        दर्ता मिति :

अधिकृत पूँजि :                                        जारि पूँजि :

**५ दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :**

क) इजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग

ख) समूहीकरण हुन चाहेको समुह :

**६ आर्थिक श्रोतको विवरण**

| | रकम | बित्तिय सस्था बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**७. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :**

| सिन | नाम तथा विवरण | दर्ता नम्बर | क्षमता सख्या | मुल्य | खरिद मिति | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु  पर्नेछ ।

## ८. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सिन | निर्माण सम्वन्धि कामको अनुभव | काम गरेको साल | रकम | ठेक्का दाता कार्यालयको नाम | कामको अवस्था प्रगतिको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## ९. करचुक्ता गरेको प्रमाण कागजात

क.

ख.

ग.

यस दरखास्तमा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

**निर्माण व्यवसायीको छाप**

**दरखास्तवालाको**

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# <u>अनुसूची-२</u>
## कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण :**

(क) ट्रिपर रटयाक्टर (एक र एक थान)
(ख) मिक्स्चर मेसिन (एक थान)
(ग) थेरोलाइट । लेभल मेशीन (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेस गर्नु पर्नेछ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. टि्रपर रटयाक्टरको हकमा खरिद गरेको विल वा दुई वर्ष सम्म भाडामा लिएको सम्झौता पत्र पेस गर्नु पर्नेछ ।

५ पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**<u>अनुसूची-३</u>**

**कार्यविधि को दफा ४ को उपदफा (१) सँग सम्बन्धित**

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

**<u>इजाजत-पत्र</u>**

मिति :

इजाजत-पत्र नं. :

संकेत नम्वर :

प्रो :

ठेगाना :

“घ“ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ..................स्थित कार्यालय भएको फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

**इजाजतपत्र दिनेको :**

दस्तखत :

नाम :

पद :

मिति :

**नोट :**

१) यो इजाजत पत्र एक आर्थिक वर्ष सम्म बहाल रहने छ ।

२) प्रत्येक वर्षको श्रावण महिना देखि आश्विन मसान्त भित्र न.पा. ले तोकेको दस्तुर तिरी इजाजत पत्र नविकरण गर्नु पर्ने छ ।

३) आश्विन मसान्त भित्र नविकरण नगरी म्याद नाघेको ६ महिना भित्र तोकिएको दस्तुर तिरी नविकरण गर्न सकिने छ ।

४) नवौ महिनामा पनि नविकरण नभएको इजाजत पत्र स्वत खारेज  हुनेछ ।

## नविकरण विवरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीकोदस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# १ नं. प्रदेश
# दमक, झापा
# "घ" वर्गको निर्माण व्यवसायीको अभिलेख

नामसारी बिवरण

नाम :

ठेगाना :

मोवाईल नं.:

| बिवरण | आ.ब. | नविकरण मिति | छुट | जरिवाना | रसिद नं.दस्तुर | म्याद समाप्त हुने | प्रमाणित गर्नेको दस्तखत | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ईजाजत नं.<br>संचालकको नाम :<br>ठेगाना :<br>फर्मको नाम :<br>ठेगाना :<br>बावुको नाम :<br>ईजाजत प्राप्त<br>मिति :<br>मोवाईल नं. | | | | | | | | |

# अनुसूची ५
## दफा ७ को उपदफा ३ सँग सम्वन्धित

## निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्रस | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | सयुक्त उपक्रमको नाम यदि भएमा | शेयर प्रतिशतमा | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण यदि भएमा | भेरिएसनको विवरण यदि भएमा | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकम | क. नामः | क. थप समय | क. variationपछिकोContract amount | क. सम्पन्न रकम : | क. अन्तिम ठेक्का रकम | |
| | | | | | .......... | .......... | | | .......... | .......... | |
| | | | | | ख. सम्झौता मिति | ख. पद | ख. नाम : | ख.Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख. सम्पन्न मिति : | ख. सम्पन्न मिति : | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | .......... | |
| | | | | | ग. ठेक्का अवधि | ग. हस्ताक्षर | ग. पद | ग. पद | सम्पन्न % | | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घ. छाप | घ. हस्ताक्षर | घ. नाम : | घ. नाम : | घ. छाप : | |
| | | | | | | .......... | .......... | .......... | .......... | .......... | |
| | | | | | | | घ. निर्णय मिति | घ. छाप | घ. पद | घ. पद | |
| | | | | | | | | .......... | .......... | .......... | |
| | | | | | | | छाप | .......... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | .......... | .......... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .......... | .......... | |

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**